# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

कृषि बैंकिङका लागि अन्तर्राष्ट्रिय समन्वय तथा प्रशिक्षण केन्द्र (CICTAB) र नेपाल राष्ट्र बैंकको संयुक्त आयोजनामा सञ्चालित "Program on Training Techniques for Trainers of Coopertatives and Rural Financing Institutions" विषयक पाँच दिने तालिम आजदेखि भक्तपुरको बोडेस्थित कृषि विकास बैंकको तालिम केन्द्रमा सुरु भयो ।

उक्त तालिमको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले गर्नुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले ग्रामीण क्षेत्रमा कारोबार गर्ने वित्तीय संस्थाहरूलाई वित्तीय पहुँच बढाउन र संस्थामा सुशासन कायम गर्न तालिम आवश्यक पर्ने विचार व्यक्त गर्नुभयो ।




दक्षिण एसिया ग्रामीण अर्थतन्त्र रहेको क्षेत्र भएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले आर्थिक कारोबारका लागि ग्रामीण गरीब जनतासँग धितो नहुने भएकोले तिनीहरूसँगको वित्तीय कारोबार जोखिमयुक्त र चुनौतीपूर्ण रहेको बताउनुभयो ।

नेपाल लगायत दक्षिण एसियामा लघु वित्तले गरीबी घटाउने एक स-शक्त माध्यमको रुपमा सफलता हासिल गरेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले झण्डै आधा जनसंख्या सहभागी रहेको लघु वित्तको विस्तारबाट ग्रामीण रोजगारी सिर्जनामा मद्दत पुगेको बताउनुभयो । साथै, उहाँले लघु वित्त क्षेत्र र सरकारी निकाय आपसी समन्वय गरेर देशको पूर्वाधार विकासमा लाग्नुपर्ने धारणा सो अवसरमा व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री प्रदीपराज पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा स्रोत व्यक्ति श्री केदारबहादुर रायमाझीले तालिमका विषयवस्तुमाथि प्रकाश पार्नुभयो । समारोहमा साना किसान विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्माले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सहकारी तथा ग्रामीण क्षेत्रमा वित्तीय कारोबार गर्ने संस्थाका साथै सरकारी निकायका अधिकृतहरूका लागि सञ्चालित उक्त तालिममा बंगलादेशका १, भारतका ३, श्रीलंकाका ४ र नेपालका १६ गरी जम्मा २४ जनाको सहभागिता रहेको छ ।

मिति: २०६७ फागुन ३० गते

गभर्नरको कार्यालय